नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बुद्धनगर, काठमाडौं

प.सं.: ०८२/८३

च.नं.:

(संशोधित) मितिः २०८२।०३।३२

श्रीमान् सचिवज्यू,
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषयः प्रगति प्रतिवेदन पेश गरेको सम्बन्धमा ।**

नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएकोमा केही सहकारी संस्थाहरुले सहकारीको सिद्धान्त, मर्म र उद्देश्य विपरित निहित स्वार्थ राखी कार्य गर्दा समग्र सहकारी संस्थाहरुमा नकारात्मक प्रभाव पर्न गएको छ। सहकारी संस्थाको सिद्धान्त, मर्म र उद्देश्य विपरीत गई बचतकर्ताको बचत हिनामिना, अपचलन र दुरुपयोग गर्ने सहकारी संस्थाहरुलाई सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट समस्याग्रस्त घोषणा गरी सोही ऐनको दफा १०५ वमोजिम सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि२०७५।०३।१८ देखि समस्याग्रस्त सहकारी व्यवस्थापन समिति समक्ष पठाइएको व्यहोरा जानकारी गराउँदछौ । चालु आ.व. ०८१/८२ को आषाढसम्म समस्याग्रस्त घोषणा भएका सहकारी संस्थाको संख्या २३ रहेको व्यहोरा अवगत नै छ । चालु आ.व.को २०८१ श्रावण देखि २०८२ आषाढ मसान्तसम्म यस समितिबाट संकलित रकमबाट मागदाबीकर्तालाई बचत फिर्ता तथा दायित्व मिलानको कार्य तपसिलबमोजिम भएको व्यहोराको जानकारी गराउँदछौ।

तपसिलः

१. मिति २०७५।०३।१८ देखि २०८१ आषाढ मसान्तसम्मको ४ कार्य समितिले सम्पादन गरेको कार्यप्रगति विवरणः

| क्र.सं. | बचतफिर्ता/मिलान संख्या | रकम | कैफियत |
|---|---|---|---|
| १. | १२९९ | ८३,६५,२०,८७४।- | मिलान तथा नगद वितरणबाट |

२. चालु आ.व. ०८१/८२ को श्रावण देखि आषाढ आषाढसम्म (हाल कार्यरत पाचौं समितिले गरेको कार्यप्रगति विवरण):-

| क्र.सं. | समस्याग्रस्त घोषित संस्थाका संख्या | हालसम्म राफसाफ भएका संख्या | राफसाफ हुन बाँकी संख्या |
|---|---|---|---|
| १. | २३ | ३ | २० |

३. मागदाबी र रकम स्थिती विवरणः-

| क्र.सं. | मागदाबी संख्या | मागदाबी रकम | कैफियत |
|---|---|---|---|
| १. | ७४,३०७ | ४४,४८,९०,०५,६२६ | |

४. आ.व. ०८१/८२ को श्रावण देखि आषाढ आषाढसम्मको प्रगतिको स्थिती विवरण:-

| क्र.सं. | फिर्ता/मिलानको विवरण | बचत फिर्ता संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | विरामी/असक्त | ३१८ | ६९,५५,६९१ | समितिको निर्णयानुसार |
| २. | १०० प्रतिशत फिर्ता | १६८२ | ७,०७,४८,०९७ | |
| ३. | हिसाब मिलान | १३२२ | २,४७,६६,८६,१७६ | |
| ४. | आंशिक बचत फिर्ता | ३२७ | १,९४,८६,६८८ | |
| ५. | सेवा केन्द्र व्यवस्थापन/मिलान | ४० | ८०,००,००० | |
| ६. | २०८२ आषाढ मसान्तसम्ममा फिर्ता/मिलान | ३६८९ | २,९३,१८,७६,६५२ | |
| ७. | २०८१ कार्तिक १३ देखि २०८२ आषाढ मसान्तसम्म संकलित रकम फिर्ता प्रस्ताव | ५६१०६ | ३५,८२,०८,१२८ | |
| | जम्मा | | ३,२९,००,८४,७८० | |

५. हालसम्म बचत फिर्ता/मिलान भएको प्रगति विवरण:-

| क्र.सं. | आर्थिक वर्ष | बचत फिर्ता/मिलान विवरण संख्या | रकम |
|---|---|---|---|
| १. | ०८०।८१ को आषाढ मसान्तसम्म | १२९९ | ८३,६५,२०,८७४ |
| २. | ०८१।८२ को आषाढ मसान्तसम्म | ३६८९ | २,९३,१८,७६,६५२ |
| ३. | आंशिक बचत फिर्ता हुने बचतकर्ताको संख्या (प्रस्तावित) | ५६१०६ | ३५,८२,०८,१२८ |
| | कूल | ६१०९४ | ४,१२,६६,०५,६५४ |

६. पहिलो बचत मागदाबी अन्तर्गतको फिर्ता हुन बाँकी मागदाबी विवरण:-

| क्र.सं. | मागदाबी रकम | बचत फिर्ता मिलान | फिर्ता गर्न बाँकी | कैफियत |
|---|---|---|---|---|
| १. | ३८,४२,९६,३२,७३० | ३,७१,६६,०५,६५४ | ४०,७७,२३,९९,९७२ | |

७. **बचतफिर्ता गर्न बाँकी रकमः-** रु.४०,७७,२३,९९,९७२
(अक्षरुपी चालिस अर्ब सतहत्तर करोड तेइस लाख उन्नानसय हजार नौ सय बहत्तर)

**आगामी लक्ष्य/कार्ययोजना**

१. व्यवस्थापनको ठोस तथा नतिजामुखी कार्ययोजना बनाई कार्यान्वयनको काम अघि बढाइएको ।
२. नेपाल सरकार, अर्थ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल राष्ट्र बैंक र यस समितिको उपस्थितिमा बैंक तथा वित्तीय संस्थाबाट रोक्का रहेका समस्याग्रस्त सहकारी संस्थाका सम्पत्तिहरु लिलाम विक्री गर्न र बाँकी रहेको रकमहरु यस समितिको खातामा ल्याई बचत मागदाबीकर्तालाई फिर्ता गर्न आवश्यक समन्वय भएको ।
३. संचालक, व्यवस्थापकको नाममा रहेको चल/अचल सम्पत्तिको खोजी गरी अचल सम्पत्तिको रोक्का गर्ने कार्य भएको र मूल्याङ्कन गरी लिलामीको प्रकृयालाई तिब्रता दिइएको ।
४. समस्याग्रस्त घोषित संस्थाहरुका इच्छुक बचतकर्तालाई तेस्रो पक्षको सम्पत्तिबाट मिलान गरी व्यवस्थापन गर्ने कार्यको प्रारम्भ गरिएको ।
५. चालु आ.व. भित्र थप २ सहकारी संस्था राफसाफको हुने दिशातर्फ अगाडि बढेको ।
६. यस समितिको कार्यक्षेत्र भित्र रहेका समस्याग्रस्त घोषित सहकारीसँग सम्बन्धित सम्मानीत अदालत, प्रहरी र बैंक तथा वित्तीय संस्थाबाट रोक्का राखिएका अचल सम्पत्तिबाट बेच विखन/लिलाम गर्नका लागि बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी कार्य अगाडि बढाइएको।
७. पहिलो चरणमा मागदाबी गरेका बचत मागदाबीकर्ताको बचत फिर्ता पछि मात्र दोस्रो चरणमा दाबी गरेका बचत मागदाबीकर्तालाई बचत फिर्ताको कार्यनीति रहेको ।